# बाणगङ्गा मासिक बुलेटीन

वर्षः२०७८ | अंकः७ | महिनाः मङ्सिर | पानाः ८


## बाणगङ्गा नगरपालिका भवन भित्र
# कृषि विकास बैङ्कको एकस्टेन्शन काउन्टर सेवा




कृषि विकास बैंक लिमिटेड शाखा ४ नम्बर जितपुर र बाणगङ्गा नगरपालिका बीच भएको एक्सटेन्सन काउन्टर सञ्चालन सम्झौता अनुसार बाणगंगा नगरकार्यपालिकाको कार्यालय भवनमा बैंङ्किङ्ग सेवा केन्द्र (एक्सटेन्सन काउन्टर) को एक कार्यक्रमको बीच उद्घाटन गरिएको छ । कृषि विकास बैङ्कको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा बाणगङ्गा नगरपालिकाका नगर प्रमुख मंगल प्रसाद थारुले रिवन काटेर एक्सटेन्सन काउन्टरको उद्घाटन गर्नु भएको हो । साथै उहाँले कार्यक्रममा बोल्दै नगरपालिका र कृषि विकास बैंक सधै सहकार्य गरेर अगाडि बढ्ने बताउनु भयो । यस्तै कार्यक्रममा कृषि विकास बैंक लि.का उपमहाप्रबन्धक बाबु काजी थापाले नगरले बैंकलाई सधै साथ दिने र समन्वय गर्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले नेपालमा कृषिको आधुनिकीकरण र यान्त्रिकीकरण गर्न कृषि विकास बैंकको योगदान रहेको बताउनु भयो । बाणगंगा नगरपालिकाको सम्पूर्ण खाताहरुका बैंकिंङ्ग कारोवारहरु सोही बैंकबाट सञ्चालन भईरहेको साथै कर्मचारीहरुको तलवी खाता समेत सञ्चालनमा आईरहेको अवस्थामा सरकारी राजश्व संकलन, टेण्डर प्रक्रियाको सहजीकरण लगायत अन्य बैंकिङ सुविधा उपलब्ध गराउने छ ।



अब नगरपालिकालाई तिर्नुपर्ने विभिन्न शीर्षकका राजश्व रकम बैंकमा गई लाईन बसेर तिनुपर्ने समस्या पनि हल हुने विश्वास व्यक्त गरिएको छ । बाणगङ्गा नगरपालिकाका नगर उपप्रमुख चक्रपाणी अर्यालज्यूले नगरभित्र करिव ६२ वटा सहकारी संस्थाहरु तथा २८ वटा जति वैंक तथा वित्तिय संस्थाहरु रहेको र ती सहकारी तथा वित्तीय संस्थाहरुको बचत तथा ऋण परिचालनले बाणगङ्गा नगरपालिकाका धेरै स्थानीय बावासीहरु लाभान्वित भएको बताउँदै स्थानीय तह सबैसँग समन्वय गर्दै गएको बताउनु भयो । त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालले कार्यक्रममा बोल्दै एक्सटेन्सन काउन्टरबाट सेवाग्राहीहरुले धैरै सेवा सुविधा लिन सक्ने बताउँदै यसबाट लाभान्वित हुन

क्रमश....

## सम्पादकीय

हाल तराईका अधिकांश भागमा चिसो बढेसँगै हुस्सु र शीतलहर चल्ने सम्भावना रहेको छ। यस्तो समयमा असहाय, अपाङ्ग, जेष्ठ नागरीक र बालबालिकाहरु बढी प्रभावित हुनसक्छन । जसले गर्दा रुघा खोकी तथा निमोनियाका बिरामीहरु बढ्ने सम्भावना देखिन्छ । शीतलहर व्यवस्थापनको लागि मुख्य गरी टोल विकास संस्थाहरुको ठूलो भूमीका रहने हुँदा सम्बन्धीत वडाका जनप्रतिनिधिहरुसंगको सहकार्यतामा चोकचोकमा आगो ताप्ने व्यवस्था गराउन आवश्यक देखिएको छ ।

पुष महिना देखि चैत्र महिना सम्म हिँउदयाममा चिसोसँगै हुरी बतास तथा आगलागीका घटनाहरु पनि बढ्ने गरेको विगत वर्षहहरुका घटनाहरुले देखाएको छ। चिसो छल्नका लागि दाउरा, मुडा तथा पराल बाल्ने र त्यसको राम्रो व्यवस्थापन नगरी लापरबाही गरिदिंदा धेरै आगलागीका घटनाहरु हुँने गरेको पाइन्छ ।

बाणगङ्गा नगरपालिका मार्फत गत आर्थिक वर्षमा संघीय सरकार सशर्त कार्यक्रम सुरक्षित नागरिक आवास कार्यक्रमबाट २३४ घरधुरीहरुलाई खरको छाना मुक्त गराई सम्भावित विपतका जोखिमहरुको व्यवस्थापन गरिएको छ । त्यसैगरी विभिन्न वडाहरुले आफ्नो वडा भित्र रहेका फुसका छाना भएका घरधुरीहरुलाई जस्ता पाता वितरण गरी नागरीकहरुलाई सुरक्षाको प्रत्याभूती दिँदै केही हदसम्म सम्भावीत क्षति न्यूनीकरण गर्ने पहल गरिएको छ । तथापी सबै नागरिकहरुले सुरक्षाका सबै पक्षहरुलाई अवलम्बन गर्दै सतर्कता अपनाउनु पर्ने देखिन्छ ।

खाद्यान्न, न्यानो कपडा, कम्बल, काठ, दाउरा, औषधि र स्वास्थ्य सेवा सरसफाई आदिमा पूर्वतयारी भईरहेको र शीतलहर र यसबाट पर्न सक्ने असरका बारेमा सन्देशमूलक सूचना प्रचार प्रसार तथा विपदमा उद्धार र राहतको व्यवस्था गर्नुपर्ने हुँदा सबै संघ संस्था, उद्योग व्यवसायी लगाएत सम्पूर्ण नगरवासीहरुमा एक अर्काको सहयोगी बन्न समेत हार्दिक अनुरोध गर्दछौं ।

## कृषि विकास बैङ्कको .........




एक्सटेन्सन काउन्टरको सम्उद्घाटन पश्चात लिईएको नगरपालिका तथा बैंकका पदाधिकारी एवं कर्मचारीहरुको सामुहिक तस्वीर

सबैलाई आग्रह गर्नु भएको छ ।

कृषि विकास बैंकका लुम्बिनी प्रदेश निर्देशक राजेश कुमार श्रीवास्तवको अध्यक्षता, कृषि विकास बैंक लिमिटेड शाखा ४ नम्बर जीतपुर शाखा प्रबन्धक पुनाराम खासुको स्वागत मन्तव्यमा भएको कार्यक्रमको सञ्चालन कृषि विकास बैंक लिमिटेड प्रदेश कार्यालय भैरहवाका ऋण अधिकृत नवराज गौतमले गर्नु भएको थियो ।

## ल्याण्डफिल्ड साईटको डि.पि.आर.निर्माण प्रकृयाको प्रारम्भिक प्रस्तुतीकरण



बाणगङ्गा नगरपालिकाले फोहोर व्यवस्थापनका लागि ल्याण्डफिल्ड साईटका लागि DPR Presentation सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको छ । नगर भित्र संकलन हुने फोहोरजन्य पदार्थको दीर्घकालीन व्यवस्थापनका लागि आवश्यक ठाउँको पहिचान तथा फोहोर व्यवस्थापन, अन्य स्थानीय तहसँग गर्न सकिने सहकार्य तथा फोहोर व्यवस्थापनबाट गर्न सकिने आम्दानी सम्बन्धमा छलफल केन्द्रित गरिएको छ ।

यस अघिनै फोहोर संकलन केन्द्र स्थापनाका लागि आवश्यक जग्गा बाणगङ्गा नगरपालिका अन्तर्गत वडा नं. ९ स्थित नमूना सामुदायिक बन भित्र राख्ने सहमति भइसकेको र ल्याण्डफिल्ड साईटको DPR को लागि Advance Creative Group, Engineering Pvt. Ltd., काठमाण्डौंले सोही अनुसार डि.पि.आर. प्रस्तुतीकरण गरी सुझाव सल्लाह संकलन कार्यक्रम सम्पन्न गरिएको छ । फोहोर व्यवस्थापनका लागि जग्गा अधिग्रहण प्रक्रियाको शुरुवात गरिने भएकोले ल्याण्डफिल्ड साइटको लागि आवश्यक जग्गा नमूना सामुदायिक बन भित्र करिब १० बिघा क्षेत्रका लागि प्रारम्भिक कार्यको शुरुवात गरिएको छ ।

## नगरभित्र विभिन्न संस्थाहरुद्धारा संचालित एम्बुलेन्सको सम्पर्क नम्वरहरु

| सि.नं. | संचालक संस्थाहरुको नाम | सम्पर्क नम्बर |
|---|---|---|
| १ | पिपरा अस्पताल | ९८४७०३६५८६ |
| २ | नेपाल रेडक्रस सोसाईटी-बाणगंगा | ९८४७०३३०५३ |
| ३ | शान्ति श्रृजना युवा नेपाल | ९८५७०३६४८९ |
| ४ | बाणगंगा यातायात व्यवसायी समिति | ९८५७०५४२५५ |
| ५ | सि एण्ड सि अस्पताल | ९८५७०१६४११ |
| ६ | कपिलवस्तु जेसिस | ९८५७०५००२२ |

## सामि परियोजना कार्यक्रम

बाणगंगा नगरपालिकाद्वारा सन्चालित सामी परियोजना अन्तर्गत वार्ड न.५,६,७ र ८ मा वित्तिय साक्षरता तथा मनोसामाजिक परामर्श कक्षा सन्चालनको लागि वार्ड भेला मिति २०७८/०७/१ देखि २०७८/०८/१४ सम्म सम्पन्न गरियो। जसमा जम्मा सहभागी १५० जना व्यक्तिहरुको उपस्थिति रहेको थियो भने महिला १३० र पुरुस २० जना प्रारम्भिक सर्वेक्षण फाराम भरेको १०४ र सहभागी प्रतिबद्धता फाराम १०४ जनाको भरियो र ४० घरधुरिमा होमभिजिट गरी सहभागी पासबुकमा



दैनिक आम्दानी र खर्च भर्न सहयोग गरियो । त्यसैगरी ४ जना व्यक्तिहरुलाई व्यक्तिगत मनोसामाजिक परामर्श सेवा प्रदान गरियो, जसमा घरायसी पारिवारिक समस्यामा परेका व्यक्तिहरु



थिए । साथै ७२ जना पुरुष र ६२ जना महिला गरी १३४ जना व्यक्तिको बैदेशिक रोजगारीमा गएका पारिवारको तथ्याङ्क संकलन गरियो ।



# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान-२०७८




"घरैबाट शुरु गरौं, महिला हिंसा अन्त्य गरौं ' भन्ने राष्ट्रिय नारा तथा "Orange the world: End violence against women now!" भन्ने अन्तराष्ट्रिय नाराका साथ बाणगंगा नगरपालिकालें लैड्गिक हिंसा विरुद्धको १६ दिने अभियानको नोभेम्बर २५ देखि डिसेम्बर १० ( मंसिर ९ देखि १९ गतेसम्म) विभिन्न कार्यक्रमहरु संचालन गरेको छ । मंसिर ९ गते उद्घाटन कार्यक्रम नगर उप प्रमुख चक्रपाणी अर्यालज्यूको अध्यक्षता सचेतनामूलक प्लेकार्ड र पञ्चेबाजा सहितको र्‍याली बजार परिकर्मा गरी चार नं. चोकमा कोण सभामा परिणत भएको थियो । जसमा महिला अधिकार कर्मी, सरोकारवाला संघ-संस्थाहरु र नगरका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




## विभिन्न हिंसामा परी ज्यान गुमाएका व्यक्तिहरुको आत्म शान्तीको कामना गरी कार्यलय परिसर र चार नं. चोकमा दीप प्रज्ज्वलन

बाणगंगा नगरपालिकाको आयोजनामा मंसिर १० गते विभिन्न हिंसामा परी ज्यान गुमाएका व्यक्तिहरुको आत्मा शान्तिको कामना गरी कार्यालय परिसर र चान नं. चोकमा सन्ध्याकालिन दीप प्रज्ज्वलन गरेको छ । उक्त कार्यक्रम बाणगंगा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनालज्यूको अध्यक्षतामा सम्पन्न भएको थियो । सहायक महिला विकास निरीक्षक हरिना गाहाको स्वागत मन्तव्य र महिला विकास निरीक्षक सुशिला पन्थको सञ्चालनमा विभिन्न सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।



## सरोकारवाला सँग चौमासिक अन्तर्क्रिया कार्यक्रम



मंसिर ११ गते बाणगंगा नगरपालिका नगर उप-प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा महिला सहकारी, निगरानी समूह, महिला बालबालिका समिति र सरोकारवाला बीच लैंगिक हिंसा , सामाजिक कुरीति, कुप्रथा विषयमा चौमासिक अन्तर्क्रिया कार्यक्रम सञ्चालन भएको छ । उक्त कार्यक्रमामा निगरानी समूह , महिला सहकारीसँथाहरु र विभिन्न संघ-संस्थाहरुले आफूहरुले हरेक प्रकारका हिंसा न्यूनीकरणका बारेमा गरेका प्रयासहररुको प्रस्तुती र त्यसमाथि व्यापक छलफल चलेको थियो ।

## सामाजिक कुरीति, कुप्रथा तथा लैंगिक हिंसा विषयमा वडा स्तरमा सचेतनामूलक कार्यक्रम

मंसिर १३ र २० गतेका दिन बाणगंगा



# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान-२०७८

नगरपालिकाको वडा नं. ६ र ९ को दलित तथा सुकुम्बासीको बाहुल्यता भएको वस्तिमा पुगी सामाजिक कुरीति, कुप्रथा तथा लैंगिक हिंसा विषयमा सचेतना मूलक कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रम सम्बन्धित वडाका वडा अध्यक्षज्यूहरुको अध्यक्षतामा सञ्चालन गरिएको थियो । कार्यक्रम सहजकर्ताको रुपमा महिला विकास निरीक्षक सुशिला पन्थले सहजीकरण गर्नु भएको थियो भने कार्यक्रम सञ्चालन सहायक महिला विकास निरीक्षक भगवती आचार्य शर्माज्यूले सञ्चालन गर्नु भएको थियो ।




## किशोरीहरुका लागि आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन

बाणगंगा नगरपालिका भित्रका संस्थागता तथा सामादायीक माध्यमिक विद्यालयका ३६ जना



किशोरीहरुलाई ५ दिनको आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गरेको छ । उक्त तालिमको उद्घाटन नगरपालिकाका उप – प्रमुख श्री चक्रपाणी ज्यूको अध्यक्षतामा गरिएको थियो । उक्त तालिम सञ्चालनको मुख्य उद्देश्य पछिल्लो समयमा महिला तथा किशोरीहरु माथि जवरजस्ति करणीका घटनाहरु बढेको, विभिन्न खालका हिंसाहरु खेप्नु परेको र उनीहरु आफ्नो कुरा बाहिर भन्न नसक्ने अवस्था देखिएकोले किशोरीहरु आफू सुरक्षित भएको महसुस गरुन्, परी आएको खण्डमा आफ्नो शरीरको रक्षा गर्न सकुन् र मनोसामाजिक तवरले पनि बलियो महसुस गरुन् भन्ने उद्देश्यले आयोजना गरिएको थियो ।






## लैंगिक हिंसा विरुद्धको १६ दिने अभियान औपचारिक समापन कार्यक्रम

बाणगंगा नगरपालिकाको आयोजनामा मंसिर २४ ( Dec.10) का दिन बाणगंगा नगरपालिकाको सभाहलमा करिव १३० जनाको उपस्थितिमा औपचारिक कार्यक्रमको समापन गरिएको छ । उक्त कार्यक्रम महिला बालबालिका समितिका संयोजक वडा नं. ०१ का वडा अध्यक्ष श्री बालकुमारी पन्थज्यूको अध्यक्षतामा सम्पन्न गरिएको थियो । नगर उप-प्रमुख श्री चक्रपाणी अर्याल, नगर स्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, नगर भित्रका विभिन्न संघ-संस्थाहरु, महिला अधिकारकर्मीहरु, महिला प्र.अ.हरु, सञ्चारकर्मीहरु , महिला सहकारी संस्था र कृषि महिला सहकारी संस्थाका अध्यक्ष र प्रतिनिधिहरु, आत्मरक्षा सम्बन्धी तालिम लिएका किशोरीहरु, कार्यालयका शाखा प्रमुख तथा अन्य केही कर्मचारीहरुको सहभागिता थियो । कार्यक्रममा संचारिका समूहकी जिल्ला संयोजक पार्वती आचार्यले लैंगिक तथा हरेक प्रकारका हिंसाको अवस्थाका बारेमा देश, जिल्ला र बाणगंगा नगरपालिको डाटा सहितको कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । ५ दिने आत्मरक्षा सम्बन्धी तालिम लिएका किशोरीहरुलाई प्रमाणपत्र वितरण पनि उक्त कार्यक्रमको अवसरमा गरिएको थियो भने सृजना थारु र सुहाना जि.सि. ले आफूले आत्मरक्षा तालिममा सिकेको युद्ध कलालाई डेमो स्वरुप प्रस्तुत गरेका थिए ।

## नेपाली संकेतिक भाषा तालिम समापन कार्यक्रम

कपिलवस्तु बहिरा संघको आयोजना र बाणगंगा नगरपालिकाको आर्थिक सहयोगमा बाणगंगा नगरभित्रका १५ जना सुस्तश्रवण भएका व्यक्तिहरुको लागि २ महिने नेपाली सांकेतिक भाषा तालिम सञ्चालन भएको थियो । उक्त कार्यक्रम २०७८ असोज १७ देखि २०७८ मंसिर २५ गतेसम्म सञ्चालन भएको थियो । मंसिर २५ गतेका दिन कपिलवस्तु बहिरा संघका अध्यक्ष रिन्कु गुप्ताको अध्यक्षता र बहिरा संघ लुम्बिनी प्रदेशका अध्यक्ष श्री जुमान खान ज्यूको प्रमुख आतिथ्यतामा कार्यक्रम समापन गरिएको थियो भने बाणगंगा नगरपालिका महिला बालिका शाखाकी सुशिला पन्थ, अपांगता समाज क.ब.का प्रतिनिधि र तालिममा सहभागी व्यक्तिहरु र उनीहरुका अभिभावक गरी करिव २५ जनाको कार्यक्रममा उपस्थिति देखिन्थ्यो । कपिलवस्तु वहिरा संघका कोषाध्यक्ष श्री ज्ञानप्रसाद सुवेदीज्यूले तालिममा २ महिनासम्म सहजकर्ताको रुपमा प्रशिक्षण गर्नु भएको थियो भने तालिमका सहभागी १५ जना सुस्तश्रवण भएका व्यक्तिहरुलाई प्रमाण पत्र वितरण गरिएको थियो ।



## प्रस्तावना प्रतिवेदन लेखन तथा उदघोषण सम्बन्धी कार्यक्रम

बाणगंगा नगरपालिकाको आयोजनामा शाखा प्रमुख, वडा सचिव तथा सरोकारवालाहरुका लागि ३ दिने प्रस्तावना, प्रतिवेदन लेखन तथा उदघोषण सम्बन्धी तालिम सञ्चालन भएको थियो । उक्त तालिमको उद्देश्य नगरभित्रका कार्यक्रमहरु सञ्चालन गर्दा नगरको आर्थिक नियम अनुसार कार्यक्रमहरु व्यवस्थित र एकरुपता ल्याउन सकियोस् भन्ने थियो । उक्त तालिम नगर प्रमुख श्री मंगल प्रसाद थारुज्यूको अध्यक्षतामा सञ्चालन भएको थियो । उक्त तालिममा सिद्धार्थ सामाजिक विकास संस्थाका पूर्व अध्यक्ष पोमनारायण पौडेलले प्रस्तावना प्रतिवेदन सम्बन्धी र कान्तिपुर सम्बादाता अमृता अनमोले उदघोषण सम्बन्धी विषयमा प्रशिक्षण गर्नु भएको थियो नभे महिला विकास निरीक्षक सुशिला पन्थको सञ्चालन तथा भगवती आचार्य शर्माको स्वागत मन्तव्य सहभागीहरुलाई स्वागत गरिएको थियो । तालिममा करिव ४५ जनाको सहभागिता थियो ।




## विभिन्न प्रथा र बालश्रम सम्बन्धी सचेतनामूलक कार्यक्रम

बाणगंगा नगरपालिका भित्र कुनै पनि बालबालिका बालश्रममा पर्न नपरोस् । दाइजो / दहेज, बोक्सा/ बोक्सी, छाउपडी तथा छुवाछुत जस्ता कुरीतिजन्य प्रथा परम्पराहरु जरैबाट उन्मुलन होस् भन्ने उद्देश्यले उक्त कार्यक्रम बाणगंगा नगरपालिकाको वडा नं. १ को सुकुम्बासी बस्ती ( उत्तमनगर) र वडा नं.०७ को सुकुम्बासी वस्ती ( आदर्श टोल ) मा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रम सोही वडाका वडा अध्यक्षज्यूहरुको अध्यक्षतामा सञ्चालन भएको थियो ।



# वडागत गतिविधिहरु

## सुत्केरी महिलालाई पोषण



बाणगंगा नगरपालिका वडा नं. ०२ को आर्थिक वर्ष ०७८/०७९ को वडास्तरीय कार्यक्रम अन्तर्गत सुत्केरी महिलालाई पोषण सामाग्री वितरण कार्यक्रम अन्तर्गत १२ जना सुत्केरी महिलाहरुलाई पोषण सामाग्रीहरु एक कार्यक्रमका बीच हस्तान्तरण गरिएको छ । कार्यक्रममा वडाध्यक्ष विष्णु प्रसाद पौडेलले सुत्केरी महिलाहरुलाई ती सामाग्रीहरु वितरण गर्नु भएको थियो ।

## तेस्रो वडास्तरीय क्रिकेट प्रतियोगिता



बाणगंगा नगरपालिका वडा नं. ०८ को आर्थिक वर्ष ०७८/०७९ को वडा स्तरीय युवा लक्षित कार्यक्रम अन्तर्गत युवा तथा खेलकुद शीर्षकमा विनियोजित रकमबाट विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि वडा नं. ०८ स्थित मायादेवी रंगशालामा मिति २०७८ कार्तिक १४ देखि १८ गते सम्म 'तेस्रो वडा स्तरिय क्रिकेट प्रतियोगिता' सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा यस वडा नं. ०८ भित्रका जम्मा ९ समूहको सहभागिता रहेको थियो । वडा अध्यक्ष श्री गुणानिधि भुसालको अध्यक्षतामा सम्पन्न



उद्घाटन तथा समापन कार्यक्रमको सञ्चालन भने वडा स्तरिय युवा सञ्जाल सदस्य सौरभ भण्डारीले गर्नु भएको थियो । प्रतियोगिताको फाइनल खेलका विजता समुह मधुवन टीमलाई ट्रफी पुरस्कार प्रदान गरिएको थियो ।

## सिलाई कटाई गरि रहेका महिलाहरुलाई प्रोत्साहन निरन्तरता

मिति २०७८साल मंसिर १६ गतेको दिन यस वाणगंगा नगरपालिका ७ नं. वडा कार्यालयमा वाणगंगा नगरपालिका को आ.व.२०७८/०७९को ९ औ नगर सभाबाट बार्षिक नगर विकास योजना



किताबको पेज नं.१०७ क्र.स. १६ मा विनियोजन भएको महिला लक्षित कार्यक्रम अन्तर्गत सिलाई कटाई गरिरहेका महिलाहरुलाई प्रोत्साहन निरन्तरता शीर्षक मा रु.१,५०,०००। सो बजेट बाट वडा कार्यालयले प्रस्तावना स्वीकृत गराई सोही अनुसार १२ जना महिलाहरुलाई Shelja सिलाई मसिन वितरण गरिएको हो यस कार्यक्रम वडा अध्यक्ष विष्णु गिरीको अध्यक्षतामा , संविधान सभा सदस्य बलराम अधिकारी को प्रमुख आथित्यतामा र वडा सचिव कृष्ण प्रसाद खनालको संचालनमा भयो ।यस कार्यक्रममा टोल विकास संस्थाका पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो ।

## राष्ट्रिय आरोग्य तथा धन्वन्तरी जयन्ती

बाणगंगा नगरपालिका आयुर्वेद शाखाद्वारा आयोजित राष्ट्रिय आरोग्य तथा धन्वन्तरी जयन्ती कार्यक्रम वडा नं.-८ स्थित कपिल स्वास्थ्य सेवा केन्द्रको हलमा "आयुर्वेद विकासको आधार जनशक्ति विकास र पूर्वाधार" नाराको साथ एक भब्य कार्यक्रमका बीच सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा मोतिपुर आयुर्वेद औषधालय व्यवस्थापन समितिका अध्यक्ष श्री गुणानिधि भुसालज्यूको अध्यक्षता, बाणगंगा नगरपालिका नगर प्रमुख श्री मङ्गल प्रसाद थारुज्यूको प्रमुख आतिथ्यता तथा उप-प्रमुख श्री चक्रपाणी अर्यालज्यू, प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल र उप-सचिव बाबुराम भट्टराईको विशिष्ट आतिथ्यता एवं बाणगंगा नगरपालिका अन्तर्गत विभिन्न संघसंस्थाका प्रतिनिधिहरुको अतिथिमा भएको कार्यक्रममा करिब ४२ जनाको सहभागीता रहेको थियो । सो कार्यक्रमको सञ्चालन आयुर्वेद शाखा प्रमुख श्री तेज वहादुर सोमैले गर्नु भएको थियो ।

मोतिपुर आयुर्वेद औषधालयका वैद्य सहायक चौथो श्री अनुपमा पराजुलीको स्वागत मन्तव्य बाट शुरु भएको कार्यक्रममा वडाध्यक्ष श्री गुणानिधि भुसाल अध्यक्षले भगवान धन्वन्तरीको पूजा आराधाना गर्नुभएको थियो भने अतिथि श्री डा. बर्षा पौडेलले स्वास्थ्य जीवनशैलीको बारेमा सलाइड मार्फत जानकारी तथा अर्का अतिथि श्री कुलराज पौडेलले योग, प्रणायामको महत्व माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा नगर उप-प्रमुख श्री चक्रपाणी अर्याल ज्यूले आयुर्वेदका संस्थापक भगवान धन्वन्तरीलाई स्मरण गर्दै स्वास्थ्य क्षेत्रमा आयुर्वेद औषधीले जनमानसमा सकारात्मक प्रभाव पारेको बताउँदै यसको विकास तथा उन्नतीमा जोड दिदै गइरहेको बताउनुभयो त्यस्तै कार्यक्रमका प्रमुख अतिथि श्री मङ्गल प्रसाद थारु ज्यूले आयुर्वेद प्रति जनमानसको चासो बढेको हुँदा यसको विकासमा जोड दिनु पर्ने वताउनुभयो ।

वडाध्यक्ष तथा मोतिपुर आयुर्वेद औषधालय व्यवस्थापन समितिका अध्यक्ष तथा कार्यक्रमका



अध्यक्ष श्री गुणानिधि भुसालले अतिथिहरुलाई स्वागत तथा धन्यवाद दिदै आफ्ना सार गर्भित भनाइ सहित कार्यक्रम विधिवत रुपमा समापन गर्नु भयो ।

## विद्यालय आयुर्वेद तथा योग शिक्षा

यस्तैगरी, आयुर्वेद शाखाद्वारा आयोजित विद्यालय आयुर्वेद तथा योग शिक्षा भन्ने तीन दिने कार्यक्रम सम्पन्न गरिएको छ । कार्यक्रममा बाणगंगा नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत गरी ९ वटा विद्यालयका स्वास्थ्य विषयका शिक्षकहरुलाई । उक्त कार्यक्रममा वडा नं.-८ का वडाध्यक्ष तथा मोतीपुर आयुर्वेद औषधालय व्यवस्थापन समिति अध्यक्ष श्री गुणानिधि भुसाल ज्यूको अध्यक्षता, सहजकर्ता द्वय श्री बाणगंगा मा.वि., लौगाईका प्रधानाध्यापक श्री कुलराज पौडेल र नागरिक

आरोग्य केन्द्र, चन्द्रौटाका प्रमुख डा. लक्ष्मी भुसालको अतिथिमा सहभागी, सहजकर्ता र अन्य कर्मचारी गरी करिब १५ जनाको सहभागितामा कार्यक्रम आयुर्वेद शाखा प्रमुख श्री तेज वहादुर सोमैको सञ्चालनमा सम्पन्न भएको थियो ।

मोतीपुर आयुर्वेद औषधालयका वैद्य सहायक चौथो श्री अनुपमा पराजुलीले कार्यक्रमको स्वागत तथा कार्यक्रम माथि प्रकाश पार्नुभएको थियो । कार्यक्रमका सहजकर्ता एवम् श्री बाणगंगा मा.वि., लौगाईका प्र.अ. श्री कुलराज पौडेल ज्यूले योग र प्रणायामको परिचय, उपयोगिता र महत्व तथा हाम्रै घर-आगनमा पाइने अमूल्य जडिबुटि संरक्षण र सम्बद्धन गर्नुपर्ने बताउनु भयो भने डा. लक्ष्मी भुसालले आयुर्वेद स्वस्थ जीवनशैली र अर्का सहजकर्ता अनुपमा पराजुलीले स्थानीय स्तरमा पाइने जडीबुटिको बारेमा सरलता पूर्वक सहजीकरण गर्नु भएको थियो भने त्यस्तै आयुर्वेद शाखाका प्रमुख तेज बहादुर सोमैले हास्याशन, योगाशन तथा जोक्स मार्फत मनोरञ्जन दिनु भएको थियो ।

कार्यक्रमका अध्यक्ष श्री गुणानिधि भुसाल, सहजकर्ता श्री कुलराज पौडेल साथै शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख उप-सचिव श्री बावुराम भट्टराईले समापन कार्यक्रममा सहभागीहरुलाई प्रमाणपत्र वितरण गरेका थिए भने कार्यक्रमका अध्यक्ष श्री गुणानिधि भुसालज्यूले सहभागीहरुलाई कार्यक्रमबाट सिकेका कुराहरुलाई व्यवहारमा उतार्न अनुरोध गर्दै कार्यक्रमको समापन गर्नु भएको थियो ।

## पिपरा अस्पतालबाट एक्स-रे सेवा




बाणगंगा नगरपालिका अन्तर्गत वडा नं. २ पिपरास्थित पिपरा अस्पतालमाबाट एक्स-रे सेवाको सुरुवात भएको छ । पिपरा अस्पतालमा सम्पन्न उद्घाटन कार्यक्रमका बिच एक्स–रे सेवाको सुरुवात गरिएको हो ।

नगरपालिकाका नगर प्रमुख मगंल प्रसाद थारुले एक्स–रे सेवाको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै एक्स-रे सेवाले अस्पतालमा स्वास्थ्य सेवा लिन आउने सेवाग्राहीहरुलाई सहज सेवा प्रदान भइ लाभन्वित हुने र नगरको स्वास्थ्य क्षेत्रको विकासमा टेवा पुग्ने अपेक्षा राखिएको जानकारी गराउनु भएको थियो । अस्पतालका अध्यक्ष समेत रहेका नगर प्रमुख मंगल प्रसाद थारुले पिपरा अस्पतालले जनताको विश्वास जित्दै गएको र अस्पतालमा थप सेवा सुविधा बिस्तारमा नगरपालिका निरन्तर लागीे रहेको बताउनु भयो ।

उद्घाटन कार्यक्रममा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत बासुदेव खनाल, वडा नं. २ का अध्यक्ष बिष्णु पौडेल, पिपरा अस्पतालकी सरस्वति भण्डारी, सरस्वती पन्थी लगायतले आ-आफनो धारणा राखेका थिए ।

कार्यक्रममा नगरपालिकाका उप-प्रमुख चक्र अर्याल, वडा नं. १० का वडा अध्यक्ष रामबिहारी थारु, अस्पतालका निमित्त मेसु आन्नद अधिकारी पत्रकार तथा स्थानीय बासिन्दाहरु लगायतको सहभागिता रहेको थियो ।

## पशु सेवा शाखाको नयाँ भवनमा विदेशी पाहुनाहरुको अनुगमन




बाणगङ्गा नगरपालिकाको भवन परिसरमा नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाको सहयोगमा स्थापना भएको पशु सेवा शाखाको भवन निरीक्षण तथा अनुगमनको सिलसिलामा विश्व बैंकको तर्फबाट आउनुभएका Faris Hadad-Zervos( Country Director, World Bank), Lada Strelkova (Operations Manager, WB), Stephen Danyo(Program Leader,WB), Sri Kumar Tadimalla (Program Leader,WB), Ankur Thapa (Country Officer,WB), Purna Bahadur



Chhetri (Consultant,WB), Alidu Babatu Adam (Senior Social Development



Specialist, World Bank), Amit Bhandari (Senior Health Specialist, World Bank), Bibash Shrestha (Senior Executive Assistant, World Bank)

त्यस्तैगरी, Development Partner हरुको तर्फबाटः Elisabeth von Capeller (नेपालका लागि Embassy of Switzerland का Ambassador), Richard Howard (Country Director, ILO), Arnaud Cauchois (Country Director, ADB), Macro Gemmer (Head of Cooperation,



EU), Binod Saha (Assistant FAO Representative), Shrawan Adhikary ( Senior Programme Operations Specialist, FAO),

त्यसतैगरी, नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना प्रमुख डा. उमेश दाहाल, नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विकेन्द्रित सहयोग इकाई कार्यक्रम, बुटवल प्रमुख डा. गान्धिराज उपाध्याय, परामर्शदाताहरु डा. प्रभाकर पाठक, डा. अमर शाह, नगरप्रमुख मंगल प्रसाद थारु, नगर उपप्रमुख चक्रपाणि अर्याल तथा विभिन्न वडाका वडाध्यक्षहरुको उपस्थितिमा भएको छलफल उक्त कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा विश्व बैङ्कका कन्ट्री डाइरेक्टर Faris Hadad-Zervos, (नेपालका लागि Embassy of Switzerland का Ambassador) Elisabeth von Capeller लगायतले कृषि र पशुसेवाका लागि नगरपालिकाको भावि योजनाहरु तथा नगरपालिका अपेक्षाहरुबारे जिज्ञासाहरु राख्नु भएको थियो । नगरपालिकाको तर्फबाट बाणगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वासुदेव खनालले जिज्ञासाहरुको जवाफ दिंदै नगरपालिकाको कृषि तथा पशुसेवा सम्बन्धी नगरको वर्तमान अवस्था तथा भावि योजनाहरुको बारेमा जानकारी प्रदान गर्नु भएको थियो ।

त्यस्तै, नगरपालिका नगर प्रमुखले स्वागत मन्तब्यमा नगरपालिकामा पाल्नु भएका सबैजना



लाई नगपालिकाले सहकार्य र समन्वयगरी नगरको चौतर्फी विकासका लागि सहयोगको लागि अनुरोध गरेका थिए ।

कार्यक्रममा, विश्व बैङ्कका कन्ट्री डाइरेक्टर Faris Hadad-Zervos, (नेपालका लागि Embassy of Switzerland का Ambassador) Elisabeth von Capeller ले आफूहरु नगरपालिकाको व्यवस्थित स्वागत कार्यक्रमहरुबाट प्रभावित भएको र आत्थियताको लागि धन्यवाद प्रदान गर्नु भएको थियो ।

कार्यक्रमको अन्त्यमा, नगरप्रमुख मंगलप्रसाद थारु तथा नगर उपप्रमुख चक्रपाणि अर्यालले बुनेको हाते टोपीको रुपमा मायाको चिनो दिनो भएको थियो ।






## बाणगङ्गा मासिक बुलेटीन

### सल्लाहकारहरु
श्री मंगल प्रसाद थारु
नगर प्रमुख
श्री चक्रपाणि अर्याल
नगर उपप्रमुख

### प्रधान सम्पादक
श्री बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

### सम्पादक/भाषा सम्पादक
श्री बाबुराम भट्टराई
उपसचिव

### बुलेटीन सम्पादन मण्डल
श्री रामचन्द्र मारसिनी- लेखा अधिकृत
श्री केशबराज भट्टराई - शाखा अधिकृत
श्री शान्तराज आचार्य - योजना अधिकृत
श्री मिलन पोख्रेल - सूचना प्रविधि अधिकृत
श्री शुसिला पन्त- महिला विकास निरीक्षक
श्री लक्ष्मी पौडेल (भट्टराई)- सहायक पाँचौं
श्री दिपक थापा - कम्प्युटर अपरेटर

प्रकाशक:
बाणगङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


सम्पर्क: ०७६-५५०३८३; ०७६-५५०४७९
इमेल: bangangamun@gmail.com
info@bangangamun.gov.np
बेभसाईट: www.bangangamun.gov.np
फेसबुक पेज: HBMBanganga
गुगल प्लस कोड: M5QF+48